प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
..... महा शाखा / शाखा
कैलाली, नेपाल
२०७४

इमेल : mosdkailali07@gmail.com
फ्याक्स : ०९१-५२७१६८
फोन नं. ०९१-५२५००९
०९१-५२४५६३

मिति २०७५।१२।२७

विषय : सामुदायिक क्याम्पस ४ कोठे कक्षाकोठा भवन (फर्निचर एवं फिक्चर्स एवं प्रोजेक्टर सहित) निर्माण कार्यक्रम कार्यान्वयन सम्बन्धमा।

श्री शिक्षा विकास निर्देशनालय
दिपायल, डोटी

प्रस्तुत विषय सम्बन्धमा आ. व. २०७५/७६ को सामाजिक विकास मन्त्रालयको लागि स्वीकृत वजेट उ.शि.नं. ७०७३७३५१ सामाजिक विकास मन्त्रालय-कार्यक्रम खर्च शिर्षकको वजेट तथा कार्यक्रम अन्तर्गत शिक्षा क्षेत्रको **सि. नं. २४ सामुदायिक क्याम्पस ४ कोठे कक्षाकोठा भवन (फर्निचर एवं फिक्चर्स एवं प्रोजेक्टर सहित) निर्माण कार्यक्रम अन्तर्गत** यस पूर्व मन्त्रालयले स्विकृत गरेको ४ कोठे कक्षा कोठा भवनको डिजाइन भन्दा फरक संरचना (निर्मित तथा निर्माणाधिन भवनमा तला थप गर्ने, आंशिक संरचना निर्माण भएका भवनमा थप कक्षा कोठा) निर्माण गर्न चाहने क्याम्पसहरुले तोकिएको सर्त /वन्देज अनुसारका निर्देशन पालना गर्ने मन्जुरी सहित अनुमति माग गरेमा भवन निर्माणका लागि अनुमति प्रदान गर्न यस मन्त्रालयको मिति २०७५।१२।२६ को (मा. मन्त्रिस्तरीय) निर्णय भएकोले सोही बमोजिम कार्यान्वयन हुन अनुरोध छ। साथै पालना गर्नु पर्ने सर्त वन्देजहरू (पाना थान- १) समेत यसै पत्र साथ पठाईएको व्यहोरा समेत अनुरोध छ।

झंकर बहादुर विष्ट
नि. प्रदेश सचिव

बोधार्थ एवं कार्यार्थ

ई. श्री योगेश कुँवर, शिक्षा विकास तथा समन्वय ईकाई, अछाम
ई. श्री रमेश सिंह ऐरी, शिक्षा विकास तथा समन्वय ईकाई, बैतडी
ई. श्री उमेश पन्त, शिक्षा विकास तथा समन्वय ईकाई, दार्चुला
ई. श्री जीवन ठगुन्ना, शिक्षा विकास तथा समन्वय ईकाई, डडेल्धुरा
ई. श्री सुनेश कुमार चौरसिया, शिक्षा विकास तथा समन्वय ईकाई, बाजुरा
ई. श्री रोहित अधिकारी, शिक्षा विकास तथा समन्वय ईकाई, बझाङ
ई. श्री हिक्मत चौधरी, शिक्षा विकास तथा समन्वय ईकाई, डोटी
ई. श्री टेक प्रसाद जोशी, शिक्षा विकास तथा समन्वय ईकाई, कञ्चनपुर
ई. श्री सन्तोष प्रसाद बजगाई, शिक्षा विकास तथा समन्वय ईकाई, कैलाली

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
कैलाली, नेपाल
२०७५

आ. व. २०७५/७६ को सामाजिक विकास मन्त्रालयको लागि स्वीकृत वजेट उ.शि.नं. ७०७३७३५१ सामाजिक विकास मन्त्रालय-कार्यक्रम खर्च शिर्षकको वजेट तथा कार्यक्रम अन्तर्गतका शिक्षा क्षेत्रको **सि. नं. २४ सामुदायिक क्याम्पस ४ कोठे कक्षाकोठा भवन (फर्निचर एवं फिक्चर्स एवं प्रोजेक्टर सहित) निर्माण कार्यक्रम अन्तर्गत छनौट भएका सामुदायिक क्याम्पसहरूले** निर्मित तथा निर्माणाधिन भवनमा तला थप गर्ने, आंशिक संरचना निर्माण भएका भवनमा थप कक्षा कोठा निर्माण गर्न चाहेमा पालन गर्नु पर्ने सर्त वन्देजहरु:

१) निर्माणाधिन भवनमाथि तला थप्न वा संरचना विस्तार गर्न परेमा मौजुदा निर्माणाधिन भवनको गुणस्तरको अवस्था, स्विकृत ईन्जिनीयरिङ नक्सा, भवन संहिता अनुसार बने नबनेको विषयमा नगर/ गाउँपालिका वा भवन विभागबाट सो भवन माथि तला थप्न एवं संरचना विस्तार गर्न मिल्ने प्राविधिक प्रतिवेदन र स्विकृत ईन्जिनीयरिङ नाप /नक्सा यस मन्त्रालय वा तोकिएको निकायमा पेश भए पछि मात्र निर्माण कार्य अगाडी बढाउनु पर्नेछ। भवनको तला थप्दा, संरचना विस्तार गर्दा कक्षा कोठाको तोकिएको मापदण्ड पुरा गर्नु पर्नेछ ।सो को डिजाइन नाप/ नक्सा बनाउँदा सामाजिक विकास मन्त्रालयबाट खटिएका प्राविधिकहरू संग समन्वय गर्नु पर्नेछ।

२) भवनमा तला थप्दा, संरचना विस्तार र निर्माण कार्य गर्दा राष्ट्रिय भवन संहिता बमोजिम शर्त बन्देज पालन गर्नु पर्नेछ। निर्मित भवनको गुणस्तर भवन संहिता २०६४ अनुसार नभएमा सम्बन्धित क्याम्पस संचालन समिति/प्रशासन जिम्मेवार हुनेछ।

३) यस कार्यक्रम अन्तर्गत कक्षाकोठा निर्माण बाहेक अन्य संरचना जस्तै: घेरापर्खाल निर्माण, मर्मत, खानेपानी, शौचालय आदि अन्य कार्यमा खर्च गर्न पाईने छैन।

५) निर्माण हुने भवन संरचनाको गुणस्तर कायम गर्न भवन निर्माण निर्देशिका (छैटौं संस्करण २०६६, संशोधन सहित) मा उल्लेखित निर्देशन पालना गर्नु पर्नेछ।

६) विनियोजित वजेटको सिमा भित्र सम्पन्न हुने गरी ड्राईङ डिजाइन स्विकृत गराउनु पर्नेछ र प्रचलित कानून बमोजिमको प्रकृया पुरा गरी सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ।

उपसचिव
सचिव

२०७५/१२/१५
लेखापरीक्षण अधिकृत